सुरक्षा पोस्ट छल्दै तस्करी

■ ठाकुरसिंह थारु

प्रतिबन्धित सामानहरू नेपाल-भारत भित्रिन सक्ने भन्दै नेपालगन्ज-रुपैडिहा रोडको जमुनाहा भन्सार अगाडि चेकजाँच गर्दै सुरक्षाकर्मी।

तस्बिर : ठाकुरसिंह/कान्तिपुर

बाँके- चोरी पैठारी तथा लागूऔषध तस्करी नियन्त्रणका लागि नेपालगन्ज-रुपैडिहा सिमानासम्म आधा दर्जन सुरक्षा चेकजाँच पोस्ट स्थापना गरिएको छ। नेपाल-भारत ओहोर दोहोर गर्नेलाई नेपाल प्रहरी, सशस्त्र प्रहरीले रोकेरै चेकजाँच गर्छन्। चौलिका चोकदेखि जमुनाहा प्रहरी चौकीसम्म २४ घन्टा छ्याप्छ्याप्ती सुरक्षाकर्मी परिचालित छन्।

चौलिका भन्सार क्षेत्रमा सशस्त्र प्रहरी र पिपरहवा, जमुनहासम्म थाक्लै सुरक्षाकर्मीको उपस्थिति छ। धेरै स्थानमा हुने सुरक्षा जाँचले कतिपयलाई सास्ती खेप्नुपर्छ। तर त्यही सुरक्षा चेकजाँच पोस्टमा खटिएका सुरक्षाकर्मीलाई झुक्याउँदै लागूऔषध तस्करी हुने गरेको पछिल्ला घटनाले देखाएका छन्। असोज तेस्रो सातासम्म ६ नेपाली चरेससहित भारतमा पक्राउ परेपछि उक्त तथ्य खुलेको हो।

गत शनिवार २९ किलो चरेससहित ५ जना नेपाली भारतको रुपैडियामा पक्राउ परे। भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले दाङका हर्क रावल, सरिता रोका, धनमाया घर्तीमगर, रुकुमका टेकबहादुर बुढामगर र रविना मगरलाई पक्राउ गरेको हो। त्यसको अघिल्लो दिन दाङ लमहीकी ४० वर्षीया उर्मिला मगरलाई भारतीय एसएसबीले ३ किलो ८० ग्राम चरेससहित पक्राउ गरेको थियो। थप अनुसन्धान र कारबाहीका लागि प्रहरीले बहराइच जिल्ला कारागार पठाइएको छ। भारतीय कानुनअनुसार लागूऔषध कारोबारमा पक्राउ पर्नेको ६ महिनासम्म जमानत हुँदैन।

पक्राउ परेका नेपालीले आफूहरू भरिया भएको र त्यहाँका सुरक्षाकर्मीलाई झुक्याएर चरेस ल्याएको दाबी गरेका छन्।

आर्थिक प्रलोभनमा परेर भारतको बहराइचसम्म चरेस पुर्‍याउन जाने क्रममा पक्राउ परेकी उर्मिलाको दाबी छ। सुरक्षाकर्मीको उपस्थिति भए पनि फितलो चेकजाँचका कारण लागूऔषध तस्करी नियन्त्रण हुन नसकेको हो। सुरक्षाकर्मीको ध्यान पोकापोकीतर्फ बढिरहेकाले तस्करी नरोकिएको स्थानीय बासिन्दा बताउँछन्। तर बाँकेका प्रहरी उपरीक्षक विक्रमसिंह थापाले सुरक्षा पोस्ट भएर लागूऔषधको तस्करी नभएको दाबी गरे। 'प्रहरीको उपस्थिति नभएको नाका भएर लागूऔषध तस्करी भएको हुन सक्छ,' उनले भने, 'लागूऔषधसहित १ सय बढीलाई पक्राउ गरिसकेका छौं।' उनले सीमाका प्रहरी चौकीलाई कडाइ गर्न निर्देशन दिएको बताए।

सीमामा खटिएका सुरक्षाकर्मीहरू साइकल, रिक्सालाई बढी चेकजाँच गर्ने गरेको प्रत्यक्षदर्शीले जनाए। 'पोकापोकी चेकजाँचमा सुरक्षाकर्मीको बढी समय बित्छ,' प्रत्यक्षदर्शीले भने, 'त्यसो गर्दा तस्करले लागूऔषधलगायतका प्रतिबन्धित वस्तु एक देशबाट अर्को देशमा पुर्‍याउँछन्।' सशस्त्र प्रहरी सीमा सुरक्षा बलका प्रहरी उपरीक्षक वीरेन्द्र श्रेष्ठले सुरक्षा पोस्ट भएर लागूऔषधको तस्करी हुन नसक्ने दाबी गरे। 'हामीले कडा चेकजाँच गरेका छौं,' उनले भने, 'झुक्काएर तस्करी गर्दा गल्ती हुन सक्छ।' उनले चेकजाँच अझ कडा पारिने बताए। गत वर्ष एक क्विन्टल चरेससहित ७० नेपाली लागूऔषधसहित भारतमा पक्राउ परेका थिए। चरेस कारोबारको अभियोगमा २८ महिला अझै पनि बहराइच कारागारमा सजाय भोगिरहेका छन्। यो तथ्यांकले भारतसँग सीमा जोडिएका बाँकेका सीमावर्ती गाविसबाट मात्र होइन मुख्य नाका जमुनाहाबाट समेत लागूऔषध भित्र्याउने र बाहिर लैजाने गरेको देखाएको छ। तस्करले रुकुम र रोल्पाबाट ल्याएको चरेस दाङको तुल्सीपुर र घोराहीमा भण्डारण गरी राख्ने र अनुकूलता मिलाएर नेपालगन्जसम्म पुर्‍याउने गरेको प्रहरी अनुसन्धानले देखाएको छ।

प्रहरीको तथ्यांकले यस क्षेत्रमा लागूऔषधको कारोबार बढ्दै गएको देखाएको छ। मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतले गत आर्थिक वर्षमा डेढ सय व्यक्ति लागूऔषधसहित पक्राउ परेको जनाएको छ।

दुई जिल्लाको सिमानामा बलेन बिजुली

■ कृष्ण आचार्य

मौवाखोला (धादिङ)- पृथ्वी राजमार्गको जोगिमारा २ मौवाखोलामा बस्ने नरबहादुर घलेले मैनटोल बत्ती बालेर होटल चलाएको बीस वर्ष बितिसक्यो। उनले अझै कति वर्ष मैनटोलले दैनिकी चलाउनुपर्ने हो थाहा छैन। 'कहिलेकाहीं मट्टीतेल पनि नपाएर अँध्यारैमा काम गर्नुपर्छ,' घलेले भने, 'राजमार्गमा बस्नेलाई त राज्यले विद्युत् दिन सकेन अरूको अवस्था के होला ?' चितवन र धादिङको सिमानामा बस्ने मौवाखोला र फिस्लिङ आसपासका सबै स्थानीयहरूको कथा नरबहादुरको जस्तै छ। दुई जिल्लाको सिमानामा बस्ने करिब पचास जना स्थानीय बासिन्दाले वर्षौंदेखि बिजुली बाल्न पाएनन्।

सिमानाको विकास कुन जिल्लाले गर्ने भन्ने दुई जिल्लाको बेवास्ताले धादिङको जोगिमारा २ र चितवनको दारेचोक ९ राजमार्ग छेउमा बस्ने स्थानीय बासिन्दाले बत्ती बाल्न नपाएका हुन्। नजिकै केन्द्रीय प्रसारण लाइनको बत्तीको तार नआएर उनीहरूले बिजुली बाल्न नपाएका भने होइनन्। चितवनतर्फ दुई किलोमिटरवर बिजुली छ। धादिङतर्फ पाँच किलोमिटर अगाडि केन्द्रीय प्रसारण लाइनको बल्छ।

'त्यहाँबाट आफ्नो गाउँसम्म बत्ती जोडिदिन दुवै जिल्लाको प्राधिकरण कार्यालयमा डेलिगेसन गयौं,' नरबहादुरले भने, 'दुवैले हाम्रो जिल्लाले गर्न सक्दैन उता जानुस् भन्छ। सिमानामा बस्दा बत्ती बाल्न पाइएन।' करिब ३० वर्षअघिबाट राजमार्गमा होटललगायत अन्य व्यापार व्यवसाय गर्ने स्थानीय बासिन्दाहरू मैन बत्ती, मैनटोललगायत उज्यालोका सामग्रीबाट दैनिकी चलाउँछन्। उनीहरूका होटल अगाडिको राजमार्गबाट देशका नेतादेखि लिएर राज्य सञ्चालक कर्मचारी हिँड्छन्। 'उनीहरूको ध्यान राजमार्ग विषयमा कहिल्यै जाँदैन,' 'लोकल' भाले र डिँडोको व्यापार गरेर बसेका नरबहादुरले भने, 'कहिलेकाहीं भाले खानुपर्‍यो भन्दै होटलमा पनि पस्छन्। बत्ती बालिदिनुपर्‍यो भनेर दर्जनौंलाई अनुरोध गर्दा हुन्छ भन्छन्। गएपछि बिर्सन्छन्।' दुवैतर्फबाट सिमानाको अन्तिम गाविसमा छुने गरी मात्र विद्युत् जडान गरिएको छ।

> 'कहिलेकाहीं भाले खानुपर्‍यो भन्दै होटलमा पनि पस्छन्। बत्ती बालिदिनुपर्‍यो भनेर दर्जनौंलाई अनुरोध गर्दा हुन्छ भन्छन्। गएपछि बिर्सन्छन्।'

पृथ्वी राजमार्गमा केन्द्रीय प्रसारण लाइन विस्तार नभएर बत्ती बाल्न नपाउने जोगिमारा र दारेचोकका केही स्थानीयमात्र हुन्। राजमार्गको अन्य ठाउँमा बिजुली बल्छ। 'मुग्लिनको मर्स्याङ्दी बहुउद्देश्यीय सहकारी संस्थामार्फत विद्युत् जडानका लागि प्रक्रिया अघि बढाएको दुई वर्ष बितिसक्यो,' विद्युत् जडानका लागि गठित उपभोक्ता समितिका अध्यक्ष रामबहादुर गुरुङले भने, 'चितवनतर्फबाट दुई किलोमिटरका लागि केही समयमा विद्युत् जडान हुने सम्भावना बढेको छ।'

उनीहरूले विद्युत् जडानका लागि छ लाख बीस हजार रूपैयाँ जम्मा गरेका छन्। सहकारीले 'इस्टमेट' गरेको ३१ लाख लागतको २० प्रतिशत रकम स्थानीय बासिन्दाको हैसियतअनुसार एक जनाबाट पाँचदेखि तीस हजारका दरले रकम उठाएर जम्मा गरेका छन्। 'त्यही रकमले सरकारसँग सहकारीले विद्युत् जडान गर्ने प्रयास गरिरहेको छ,' गुरुङले भने। प्रयास सफल भए चितवनको फिस्लिङदेखि दारेचोकसम्मको दुई किलोमिटरमा मात्र बत्ती बल्छ।

'धादिङतर्फ पाँच किलोमिटरका स्थानीय अन्धकारमै हुने छन्,' गुरुङले भने। पाँच किलोमिटरमा विद्युत् जडान गर्ने मोटो रकम चाहिने भएकाले नसकिएको धादिङ प्राधिकरणका प्रमुख सुरज शाहले बताए। 'वर्षमा पचास लाख रकममात्र हामीलाई आउँछ,' शाहले टेलिफोनमा भने, 'त्यो ठाउँमा विद्युत् जडान गर्नुपर्दा कम्तीमा करोड खर्च लाग्छ।'

छोटकरी

'लोकतान्त्रिक शक्तिको नेतृत्वमा सरकार'

धनकुटा (कास)- एमालेका प्रभावशाली नेता केपी शर्मा ओलीले वर्तमान सरकार असफल भइसकेकाले छिट्टै लोकतान्त्रिक शक्तिको नेतृत्वको सरकार बन्ने तयारीमा रहेको दाबी गरेका छन्। उनले शनिवार धनकुटामा पत्रकारसँग भने, 'सरकारमा एमालेको नेतृत्वसमेत रहन सक्ने भए पनि पार्टीले मरिहत्ते भने गर्दैन।' सञ्चारकर्मीले 'तपाईंले सरकारको नेतृत्व गर्ने हल्ला छ नि' भन्ने जिज्ञासामा आफ्नो नाम लिनेलाई धन्यवाद भन्दै ठट्टेउली गरे। फेरि सत्ताको नेतृत्व माओवादीले गरेको प्रति तिखो व्यंग्य गर्दै ओलीले असफल भइसकेकाले हारेको मनस्थितिमा जे पनि बोल्न सक्ने टिप्पणी गरे। एमालेले थालेको सडक आन्दोलनलाई सत्ता ढाल्ने निसानाभन्दा माओवादीको सत्ता कब्जाबारे जनचेतना गराउने कार्य भएको प्रतिक्रिया दिए। यसैगरी उनले पार्टीबाट केही व्यक्ति बाहिरिएकाले यसलाई विभाजन भन्न नमिल्ने बताउँदै यसले एमालेमा सामान्यमात्र असर पर्ने दाबी गरे।

बाल संगठनमा रैला

रसुवा (कास)- एक वर्षदेखि कार्यसमिति भंगपछि नेपाल बाल संगठन रसुवामा तदर्थ समिति गठन गरिएको छ। देवकी रैलाको संयोजकत्वमा सात सदस्य तदर्थ समिति गठन गरिएको छ। संगठनको सदस्यमा राजकुमार घले, गोविन्द घिमिरे, सुश्री तारा देवकोटा, अन्जु लामा, हीरा गुरुङ र सावित्री केसी छन्।

'बृहत् मोर्चा आवश्यक'

उदयपुर (कास)- राष्ट्रिय जनशक्ति पार्टीका वरिष्ठ नेता हरिबहादुर बस्नेतले आगामी निर्वाचनमा कम्युनिस्टलाई पराजित गर्न प्रजातान्त्रिक शक्ति मिलेर बृहत् मोर्चा निर्माण गर्नुपर्ने बताएका छन्। कम्युनिस्ट शक्तिलाई पराजित गर्न मोर्चाको निर्माण अपरिहार्य रहेको उनले बताए। राष्ट्रिय जनशक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रथम जिल्ला एकता अधिवेशनको निर्णय सार्वजनिक गर्न शनिवार पार्टीले गरेको पत्रकार सम्मेलनमा बस्नेतले भने, 'कम्युनिस्टको अन्तिम लक्ष्य भनेको सत्ताकब्जा नै हो, त्यसैले उनीहरूलाई पराजित गर्न प्रजातान्त्रिक मोर्चाको आवश्यकता छ।'

विभेद अन्त्यका लागि पुरोहितको प्रतिबद्धता

दैलेख (कास)- विभेदजन्य क्रियाकलाप अन्त्यका लागि हिन्दु पुरोहितहरूले प्रतिबद्धता व्यक्त गरेका छन्। पुरोहित/पण्डितबाटै दलित समुदाय सांस्कृतिक तथा धार्मिक अधिकारबाट बञ्चित भएको गुनासो बढिरहेका बेला यहाँका अगुवा पण्डितहरूले विभेद नगर्ने प्रतिबद्धता जनाएका हुन्। नेपाल राष्ट्रिय दलित समाज कल्याण संघले गरेको अन्तर्क्रियामा पण्डितहरूले हिन्दु धर्म ग्रन्थमा छुवाछूत तथा भेदभावका कुरा कतै उल्लेख नभएको बताए। पण्डित माधवप्रसाद उपाध्यायले समाजबाट सकारात्मक गतिले विभेद अन्त्य हुँदै गएको भनाइ राखे। 'कुसंस्कारलाई जबरजस्ती परिवर्तन गर्न सकिँदैन,' उनले भने, 'यसका लागि दलितसँगै गैरदलित समुदायको सहयोग अझ बढी छ।' समाजमा जातीय भेदभाव तथा छुवाछूत पनि संक्रमणकालीन अवस्थामा रहेको अर्का पण्डित नरेन्द्र उपाध्यायले बताए। संस्थाका अध्यक्ष रेशमबहादुर विश्वकर्माले भने, 'आर्य जाति एकै सन्तान भएकाले कोही सानो ठूलो छैन, हुँदैन।' यसअघि रुम गाविसका दीपक उपाध्यायले दलित युवालाई रक्षाबन्धनको डोरी नबाँधेकै कारण दैलेख अदालतले ०६५ चैतमा महिना कैद र १ हजार जरिवानाको फैसला सुनाएको थियो।

मागेरै शिक्षामा करोड सहयोग

आरुपोखरी (गोरखा) (कास)- मध्यम वर्गीय परिवारमा जन्मिएका प्रेम खत्रीलाई १३ वर्षअघि काठमाडौं छिर्दा के काम गरेर एक्लो जीवन निर्वाह गर्ने भन्ने समस्या थियो। प्रवेशिका परीक्षालगत्तै २ सय ऋणमा काठमाडौं गएका उनले केही वर्षमै जीवन निर्वाहको समस्यामात्र टारेनन्, गाउँको शैक्षिक क्षेत्रमा लाखौं सहयोग रकम भित्र्याए। त्यो पनि मागेरै। ट्रेकिङ एजेन्सीमा मजदुरीको काम सुरु गरी सञ्चालकसमेत भइसकेका उनले १२ जनाभन्दा बढी विद्यार्थीलाई गाउँबाट काठमाडौं पुर्‍याएर पढ्ने वातावरण मिलाएका छन्।

उनले ६ वर्षदेखि भैरवी प्राविमा ६ शिक्षकलाई तलब र डेढ सय विद्यार्थीको पोसाक, पुस्तक र खाजाको व्यवस्था गरिरहेका छन्। दर्जनभन्दा बढी विद्यालयमा भौतिक संरचना निर्माणको व्यवस्था मिलाइसकेका छन्। 'मेरो ट्रेकिङ एजेन्सीमार्फत नेपाल आउने विदेसिसँग मागेर सहयोगको व्यवस्था गरेको हुँ,' २९ वर्षीय खत्रीले भने, 'केही विद्यार्थीलाई व्यक्तिगत सहयोग पनि गरेको छु।'

आफ्नो कमाइबाट धारापानी माविमा वार्षिक ४२ हजार खर्च गरी छ विद्यार्थी पढाइरहेका छन्। काठमाडौंका दिव्यज्योति आवासीय माविमा दुई, ग्रिनल्यान्ड आवासीय विद्यालयमा दुई र बनस्थलीको एक विद्यालयमा एकै परिवारका तीन विद्यार्थी खत्रीको व्यक्तिगत लगानीमा पढिरहेका छन्। उनीहरू मान्बु, आरुपोखरी र आरुचनौटे गाविसका विपन्न विद्यार्थी हुन्।

'व्यक्तिगत खर्च गर्न सुरु गरेको चार वर्ष भयो,' अस्ट्रेलियाका दाता लिएर विद्यालय भवन बनाउन आएका खत्रीले भने, 'उनीहरूमा वार्षिक सात लाखभन्दा बढी खर्च लाग्छ।' 'खत्रीले दाता नखोजिदिएको भए मेरा नातिनातिनाले सहरको विद्यालय देख्न पाउने थिएनन्,' खत्रीले मासिक १२ हजार रकम जुटाइदिएको सहयोगबाट काठमाडौंमा तीन नातिनातिना पढाइरहेका मान्बुका विष्णुबहादुर क्षेत्रीले भने।

मागिएकै रकमबाट आरुपोखरीकी सविता खनालले काठमाडौंमा स्टाफ नर्स पढिरहेकी छन्।

'बाबुआमाले निर्वाह गर्न नसकेको भूमिका प्रेम सरले गरिदिनुभएको छ,' काठमाडौंको श्रद्धा 'इन्स्टिच्युड अफ हेल्थ साइन्स' मा १० लाख सहयोगमा पढ्ने खनालले टेलिफोनमा भनिन्, 'नत्र स्टाफ नर्स अध्ययन गर्ने मेरा लागि सपनामात्र हुन्थ्यो।' 'सहयोग गर्न चाहनेलाई चन्दा बाकस देखाइदिन्छु,' खत्रीले भने, 'कतिले रकम हालिदिन्छन्। कोही आफैं विद्यालय पुगेर सहयोग गर्छन्।' सहयोग गर्ने विदेशीहरू अस्ट्रेलियाका नागरिक बढी छन्। अन्य मुलुकका नागरिकले सहयोगलाई निरन्तरता राखेका र सोचेजस्तो भएमा आगामी वर्ष गोरखाका २९ गाविसमा एसएलसीमा बढी नम्बर ल्याउने सबै गाविसका विद्यार्थीलाई छात्रवृत्तिमा पढाउने घोषणाको तयारी गरेको उनले बताए।

एसएलसीपछिको अध्ययन खत्रीले काठमाडौंमा पूरा गरे। खेतीकिसानी काम गर्ने बुद्धिबहादुरका छोरा उनी अहिले स्नातकोत्तरका विद्यार्थी हुन्। 'मागेर काठमाडौं गएको उसले यति चाँडै धेरै प्रगति गर्ला भन्ने कसैले पनि सोचेका थिएनन्,' खत्रीका साथी टंकप्रसाद न्यौपानेले भने, 'उसले गाउँमा भित्र्याएको सहयोगप्रति सबै गाउँले चकित र आभारी छन्।'

भत्तामा अनियमितता पुष्टि

रुवा (कास)- सुनसरीमा सामाजिक रक्षा भत्ताको रकममा अनियमितता एको पुष्टि भएको छ। जिल्ला विकास मितिले शनिवार गरेको भत्ता उनेहरूको प्रमाणीकरणका बेला न्डै एक हजार जना कम देखिएपछि नियमितता पुष्टि भएको हो।

जिबिसले एकैसाथ जिल्लाका ४९ वटै बिसका प्रत्येक वडामा भत्ता पाउनेको माणीकरण गरेको थियो। माणीकरणको पूर्ण तथ्यांक आउन क/दुई दिन लाग्ने भए पनि प्रारम्भिक थ्यांकका आधारमा वितरण भइरहेको ध्ये सात सयदेखि एक हजार जनासम्म रक्षा भत्ता पाउनेहरू प्रमाणीकरणका ला नआएको स्थानीय विकास अधिकारी जेन्द्रदेव पाण्डेले बताए।

पूर्ण तथ्यांक आएपछि घटी हुनेको ख्या अझै बढ्न सक्ने उनले जनाए। ल्लामा ३४ हजार ६२४ जनाले माजिक सुरक्षा भत्ता पाउँदै आएका न्। तीमध्ये १३ हजार ६ सय २५ जना ष्ठ नागरिक, ३ हजार ४ सय १२ जना लित र ९ हजार ३ सय ४१ जना एकल महिलाले भत्ता पाउँदै आएका छन्। त्यस्तै ७ हजार ७ सय जना ६० वर्षमुनिका एकल महिला, ३ सय ७६ जना पूर्ण अशक्त अपांग, १ सय ४६ जना आंशिक अशक्त अपांग र चार जना लोपोन्मुख जातिका गरी कुल ३४ हजार ६ सय २४ जनाले सामाजिक सुरक्षा भत्ता पाउँदै आएका हुन्।

उनीहरूले पाउने भत्ताबापत सुनसरीमा वार्षिक २१ करोड रुपैयाँ खर्च हुँदै आएको छ। सामाजिक सुरक्षा भत्ता वितरणमा व्यापक अनियमितता भएको आरोप लागेपछि जिविसले वृद्ध, अशक्त, एकल महिला र अपांगलगायत राज्यले तोकेको सामाजिक सुरक्षा भत्ता पाउनेहरूको तथ्यांक शुद्धीकरणका लागि जिल्लाभरि एकैसाथ भत्ता पाउनेहरूको शनिवार प्रमाणीकरण गरेको हो। भत्ता लिने व्यक्ति जीवित नरहेको, अर्कोले लिएर खाने गरेको, थाहै नदिने गरेको लगायतका गुनासाहरू आएपछि एकै दिन भत्ता पाउने सबैको प्रमाणीकरण गर्ने कार्य गरेको पाण्डेले जनाए।

विद्यालय व्यवस्थापन समिति गठन आमचुनावजस्तो

बागलुङ (कास)- सदरमुकामको मुलपानी उमाविमा विद्यालय व्यवस्थापन समिति चयन गर्दा आमचुनावको झल्को आउने गरी निर्वाचन भयो।

प्रमुख ठूला दल एमाओवादी, कांग्रेस र एमालेले छुट्टाछुट्टै उम्मेदवार खडा गरेर चुनावमा भिडेका थिए। उनीहरूले अध्यक्षलगायत सबै पदमा प्यानल बनाएर चुनाव लड्दा अध्यक्ष कांग्रेस र अन्य पदमा संयुक्त उम्मेदवार विजयी भएका छन्।

त्यस्तै तंग्रामको नारायणी उमाविको व्यवस्थापन समिति निर्वाचनका लागि पनि प्रमुख दलहरूले तामझामका साथ चुनाव प्रचार गरे। निर्वाचन सकिएपछि चुनाव हार्ने शंकाले केही दलले जिल्ला शिक्षा कार्यालयमा सहमति उल्लंघन गरेर मतदान गरेको भन्दै उजुरी दिएका छन्। शिक्षा नियमावलीमा कुनै पनि राजनीतिक दलको प्यानल बनाएर उम्मेदवारी दिन नपाइने प्रावधान विपरीत विद्यालयमा धमाधम दलीय निर्वाचन भइरहेको उनीहरूको आरोप छ। वर्षौंदेखि म्याद सकिएका समितिले अवैधानिक रूपमा काम गरेको समाचार कान्तिपुर दैनिकले प्रकाशित गरेपछि कार्यालयले तत्काल गठन गर्न ताकेता गरेको थियो। कार्यालयको कडा निर्देशन आएपछि समिति गठनको काम सुरु भए पनि आमचुनावझैं घोषणापत्रसमेत बनाएर दलहरू निर्वाचनमा गएका हुन्। वैशाखमै सकिनुपर्ने समिति गठन अहिलेसम्म नभएका हुन्। कार्यालयको तथ्यांक अनुसार अहिलेसम्म पाँच सय ३१ विद्यालयमध्ये ३५ वटाको मात्र समिति गठन भएको जानकारी आएको निमित्त जिल्ला शिक्षा अधिकारी तिलक सिलवालले बताए।

चुनाव जितेमा विद्यालयमा भौतिक सुधार गर्ने, राजनीतिबाट मुक्त बनाउने जस्ता घोषणापत्र प्रचारमा ल्याए पनि उम्मेदवार राजनीतिक दलको आधिकारिक प्यानमा भिडेकोमा आलोचना बढ्न थालेको छ। शिक्षा नियमावलीसँगै कार्यालयले जिल्ला स्तरमा लागू गर्ने कार्यविधि पारित गरेको छ। जिल्लाका पार्टी प्रमुख, विद्यार्थी संगठनका प्रमुख, विद्यालय निरीक्षक र स्रोत व्यक्तिको भेलाले पारित गरेको उक्त कार्यविधिलाई दलले लत्याएको विद्यालय कार्यान्वयन समितिका सदस्य राम शर्माले बताए।

चालकलाई पढाउँदै ट्राफिक

■ मनोज बस्नेत

सडक दुर्घटना न्यूनीकरण गर्न शुक्रबार बनेपा बसपार्कमा चालकलाई पढाउँदै ट्राफिक प्रहरी।

तस्बिर : मनोज बस्नेत/कान्तिपुर

काभ्रे- न हातमा किताब छ न त झोला नै। बिनाशैक्षिक सामग्रीकै केही दिनयता उनीहरू विद्यार्थी बनेका छन्। बिहानको एक घन्टा पढ्नमै बित्छ उनीहरूको। विद्यार्थी हुन् दुई राजमार्गका सवारी चालक र सहचालक। पढाउने शिक्षक ट्राफिक प्रहरी।

दसैं र तिहार नजिकिँदै गर्दा 'सडक दुर्घटनाबाट बचौं र बचाऔं' भन्ने नारा लिएर जिल्ला ट्राफिक प्रहरी कार्यालयले सातायता बीपी र अरनिको राजमार्गमा सवारी चलाउने चालक र सहचालकलाई ट्राफिक नियम पढाइरहेको हो।

'चाडपर्वमा यात्रुको चाप बढ्ने हुँदा सवारी दुर्घटना हुन सक्छ,' जिल्ला ट्राफिक प्रमुख धनबहादुर श्रेष्ठले भने, 'सुरक्षित सडक यातायातका लागि चालकलाई ट्राफिक नियमबारे पढाउँदै हिँडेका छौं।' अधिकांश सडक दुर्घटना ट्राफिक नियम पालना नगरेर भएको उनले बताए।

धुलिखेल, पनौती, बनेपा बसपार्क र टिपर चालकलाई भैंसेपाटीमा दुर्घटना न्यूनीकरणका लागि एक घन्टे कक्षा लिइसकेको छ। श्रेष्ठका अनुसार हालसम्म ४ सय चालक र सहचालकलाई ट्राफिक नियमबारेमा पढाइसकिएको छ। 'चालकलाई मात्रै होइन। अब यात्रुहरूलाई पढाउँछौं,' उनले भने, 'सडक दुर्घटनाको जिम्मेवार यात्रु पनि हुन्छन्।'

ट्राफिक चिह्न, विभिन्न तस्बिर, सवारी ऐन नियमलगायतका विषयवस्तुमा कक्षा केन्द्रित हुने गरेको छ। ट्राफिक प्रहरीसँग पढ्दै आफ्ना कुरा राख्न पाउँदा सवारी चालक मक्ख परेका छन्। 'यस्तो कक्षा हाम्रा लागि अति राम्रो छ,' चालक विशाल श्रेष्ठले भने, 'उहाँबाट धेरै कुरा सिकेका छौं र हाम्रो गुनासो पनि राख्ने मौका पायौं।'

पढाइसँगै ट्राफिक नियम पालना नगरी सवारी चलाउनेमाथि तत्काल कारबाही गर्ने अभियान पनि तीव्र गतिमा बढाएको छ। ट्राफिकले साँझ मापसे चेकिङलाई पनि कडा बनाउँदै लगेको छ। बनेपाको चारदोबाटो र आसपासका क्षेत्रमा रिक्सा, ट्याक्टर, टाटा मोबाइल, कार पार्किङ गर्नका लागि बोर्ड राखेरै व्यवस्थित बनाएको छ।

यतिमात्र होइन सडक विभागले गर्नुपर्ने सडकको खाल्टाखुल्टी पुर्ने काम पनि उनीहरूले गरिरहेका छन् भने बनेपाको पुल बजारमा ढल व्यवस्थित नहुँदा पानीले राजमार्गमा असर पार्न थालेपछि उक्त क्षेत्रको ढल पनि व्यवस्थित गराएको छ। यात्रुहरूलाई जथाभावी सडक क्रस गर्न नदिनका लागि बनेपाको चारदोबाटोमा सडकको चारैतिर रेलिङ राखी जेब्रा क्रसिङ बनाइदिएपछि यात्रुहरू सुरक्षित भएको यात्रु बताउँछन्।

'ट्राफिकले नियम उल्लंघन गर्नेलाई कारबाही गर्न थालेपछि हामीले सुरक्षित महसुस गर्न थालेका छौं,' बनेपाको सडक पेटीमा हिँडिरहेकी सोनिका तामाङले भनिन्, 'यसअघि सडक पेटीमा समेत मोटरसाइकल गुडाएर हिँड्नै समस्या हुन्थ्यो।'

गत आर्थिक वर्षमा १२ हजार ६ सय १३ वटा सवारी साधनलाई ट्राफिक नियम उल्लंघन गरेको अभियोगमा कारबाही गरेको छ। सो कारबाहीबाट राजस्व १२ लाख ८९ हजार ९ सय ५० रुपैयाँ संकलन भएको ट्राफिक कार्यालयले जनायो।

हार्दिक श्रद्धाञ्जली

जन्म: १९८५/०६/२१

स्वर्गारोहण: २०६९/०६/०९

स्व. श्रीप्रसाद आचार्य

हाम्रा आदरणीय श्रद्धेय पुजनीय श्रीप्रसाद आचार्यको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं। यस दुःखद घडीमा हामीहरुलाई समवेदना प्रकट गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

श्रीमती : चेतकला आचार्य
छोराहरु: ई. कृष्ण आचार्य
कपिल आचार्य

छोरी/ज्वाईहरु
सीता खनाल
लक्ष्मी भट्टराई/माधव भट्टराई
रञ्जना पण्डित/उमाभद्र पण्डित
सुमित्रा भट्टराई/श्रीहरी भट्टराई
चन्द्रकला आचार्य/कृष्णभद्र आचार्य
शोभा आचार्य (पण्डित)/पितृराज पण्डित
नमुना आचार्य (ढकाल)/राजु ढकाल
मुना आचार्य (शिवाकोटी)/श्याम शिवाकोटी

नातिहरु
मनोज/सरोज खनाल,
देशभक्त भट्टराई
अनमोल/सचिन पण्डित,
प्रशान्त आचार्य
सुधिर भट्टराई, प्रभात पण्डित,
नविन ढकाल

नातिनीहरु
दीपा/श्रीसुधा/दीक्षा भट्टराई
वर्षा आचार्य, प्रतिभा पण्डित,
सन्ध्या शिवाकोटी
नन्दिता ढकाल

इष्टमित्र/शुभचिन्तक एवं समस्त आचार्य परिवार



हार्दिक श्रद्धाञ्जली

जन्म: २००१/03/१५ गते

स्वर्गारोहण: २०६९/0६/१0 गते

स्व. धन बहादुर गुरुङ

हाम्रा प्रातः स्मरणीय धन बहादुर गुरुङको असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, यस दुःखद घडीमा समवेदना व्यक्त गर्नुहुने ईष्टमित्र, बन्धुबान्धव, शुभचिन्तक महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दछौं।

श्रीमती: सुन्तला माया गुरुङ

छोरा/बुहारी: हरिबहादुर गुरुङ/तारादेवी गुरुङ
बहिनी/ज्वाई: श्रीमती बिना गुरुङ/बिरु गुरुङ
छोरी: सुश्री अम्बिका गुरुङ
नाति, नातिना: विशाल गुरुङ, राकेश गुरुङ, सुश्री रेखा गुरुङ



हार्दिक श्रद्धाञ्जली

जन्म: वि.सं. १९८१ आश्विन २ गते बिहिवार

स्वर्गारोहण: वि.सं. २०६९ आश्विन ९ गते मंगलबार

स्व. विष्णु देवी कायस्थ
कार्थ बनेपा -२

हाम्रो अनन्य मित्र एवं यस अन्तर्राष्ट्रिय सिद्धाश्रम साधक परिवार गुरुसेवा आश्रमका अध्यक्ष श्री राम कृष्ण कायस्थज्यूका ममतामयी माता विष्णु देवी कायस्थको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, यस दुःखद घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सद्गुरुदेवमा प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

अन्तर्राष्ट्रिय सिद्धाश्रम साधक परिवार
गुरुसेवा आश्रम, कालिकास्थान, डिल्लीबजार